



# "छैठौं लिस्तीकोट दुगुनागढी माउण्टेन ट्रेल रेस-२०८२"

## श्री इन्द्रध्वज गण





## माउण्टेन ट्रेल रेस

श्री इन्द्रध्वज गणको आयोजना र भोटेकोशी गा.पा.को प्रायोजनमा सिन्धुपाल्चोक जिल्लाको ऐतिहासिक स्थलहरुको पहिचान दिलाउन, पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन, साहसिक खेलकुदको विकास तथा सैनिक नागरिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लैजाने उद्देश्यले मिति २०८३।०१।२१ गते भोटेकोशी गा.पा.-३ ड्राईपोर्ट देखि लिस्तीकोट हुंदै दुगुनागढीसम्म २४.५ कि.मि. "छैठौं लिस्तीकोट दुगुनागढी माउण्टेन ट्रेल रेस" दौड प्रतियोगिता संचालन हुन गईरहेको छ ।



## "छैठौं लिस्तीकोट-दुगुनागढी माउण्टेन ट्रेल रेस - २०८२"

- ➢ **दौड सञ्चालन मितिः-** २०८३/०१/२१ गते।
- ➢ **दुरीः-** २४.५ कि.मि.
- ➢ **स्टार्ट प्वाईन्टः-** ड्राईपोर्ट
- ➢ **फिनिसिङ्ग प्वाईन्टः-** दुगुनागढी
- ➢ **निशुल्क दर्ता** - २०८३/०१/१२ गतेसम्म

### दौडको रुट




-ड्राईपोर्ट (Ht.1236m)-बन्जि जम्प (Ht.1235m)
-पाङ्गलाङ्ग (Ht.1255m)- भाल्दुङ्ग (Ht.1851m)
-लिस्तीकोट (Ht.2300m)-गुम्बा (Ht.2425m)
-सिल्दुम (Ht.2290m)-धारापानी (Ht.2113m)
-गोदाम (Ht.2167m)-दुगुनागढी (Ht. 2122m)

## छैठौं लिस्तिकोट-दुगुनागढी माउण्टेन ट्रेल रेस-२०८२



लिस्तीमाई मन्दिर

तिब्बत र चीन युद्ध (सन् १७९२) र तेश्रो नेपाल-तिब्बतयुद्ध (सन् १८५५) को बखत Kuti-Axis (हाल चीनको स्वसासित क्षेत्रको कुती जाने बाटो) को लडाईमा जाँदा लिस्तीमाईको दर्शन गर्नुको साथै यो स्थानलाई राशन, पानी, आवास र सुरक्षाको लागि प्रयोग गरिएको थियो, र विजय हाँसिल समेत गरेको थियो।




तत्कालिन राणा प्रधानमन्त्री तथा कमाण्डर ईन चिफ जंग बहादुर राणाको अवधारणा अनुरुप कान्छा भाई जनरल धीर शम्शेरको आदेशमा प्रमुख सेनानी (लेफ्टिनेन्ट कर्णेल) पहलमान सिंह बस्न्यातको नेतृत्वमा तत्कालिन नेपाली सेनाको श्री शेर, श्री काली प्रसाद र श्री गोरखनाथ गणले वि.सं.१९१२ मा यस दुगुनागढीको निर्माण सम्पन्न गरेको थियो।यसै ऐतिहासिक महत्व बोकेको लिस्तीकोट र दुगुनागढीलाई ट्रेल रेसको माध्यमबाट जोडि वर्तमान तथा भावी पुस्तालाई समेत ईतिहास सम्बन्धी ज्ञान दिलाउन, साहसिक खेलकुदको प्रवर्द्धन गर्न, सैनिक नागरिक सम्बन्धलाई अझै प्रगाढ बनाउदै लैजान र सिन्धुपाल्चोक जिल्लाकै गहनाको रुपमा रहेको यस क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासको लागि सम्पुर्ण निकायहरु बीच समन्वय र सहकार्यमा यो ट्रेल रेसको आयोजना गरिदै आएको छ । प्रथम लिस्तीकोट-दुगुनागढी माउण्टेन ट्रेल रेस २०७७/११/२४ गते २४३ जना, दोश्रो लिस्तीकोट-दुगुनागढी माउण्टेन ट्रेल रेस मिति २०७८/११/२१ गते ११९ जना, तेश्रो लिस्तीकोत-दुगुनागढी माउण्टेन ट्रेल रेस मिति २०७९/०७/१७ गते ३५० जना, चौंथो लिस्तीकोत दुगुनागढी माउण्टेन ट्रेल रेस मिति २०८०/११/१२ गते ३२७ जना तथा पाचौं लिस्तीकोत दुगुनागढी माउण्टेन ट्रेल रेस मिति २०८१/१०/१६ गते २५० जना खेलाडीहरु सहभागी भई भव्यताको साथ सम्पन्न गरिएको थियो।

## सहभागिता तथा पुरस्कार

ट्रेल रेस सहभागी हुन ईच्छुक नेपाली वा विदेशी नागरिकहरुले मिति २०८३/०१/१२ गतेसम्म आफ्नो नाम दर्ता गरिसक्नु पर्नेछ । नाम दर्ता ईमेल तथा फोन बाट पनि गर्न सकिनेछ ।

**दर्ता गर्ने अन्तिम मिति:** २०८३/०१/१२ गते । **(नि:शुल्क)**

**दर्ता गर्ने स्थान:** सैनिक केन्द्रिय पुस्तकालय, चौतारा/मेलम्ची/बाह्रबिसे/झिर्पु स्थित आर्मी व्यारेकहरु र भोटेकोशी गा.पा. कार्यालय ।

### पुरस्कार (खुल्ला तर्फ)

- पहिलो पुरस्कार: रु.१,१०,०००।-
- दोश्रो पुरस्कार: रु.७५,०००।-
- तेश्रो पुरस्कार: रु.५५,०००।–
- चौथो पुरस्कार: रु.५,०००।–
- पाचौं पुरस्कार: रु.५,०००।–
- छैठौं पुरस्कार: रु.५,०००।–
- सातौं पुरस्कार: रु.५,०००।–
- आठौं पुरस्कार: रु.५,०००।–
- नवौं पुरस्कार: रु.५,०००।–
- दशौं पुरस्कार: रु.५,०००।–

### पुरस्कार (महिलातर्फ)

(क) पहिलो पुरस्कार: रु.६०,०००।-
(ख) दोश्रो पुरस्कार: रु.३५,०००।-
(ग) तेश्रो पुरस्कार: रु.२०,०००।-

### पुरस्कार (भोटेकोशी गा.पा. बासी तर्फ)

(क) पहिलो पुरस्कार: रु.३०,०००।-
(ख) दोश्रो पुरस्कार: रु.२०,०००।-
(ग) तेश्रो पुरस्कार: रु.१५,०००।-

Email- bn-indradhoj@nepalarmy.mil.np

**सम्पर्क नं.**

**सेनानी सुन्दर थापा -९८४९६७३५१४**

**गण कार्यालय ०११-६२००९४**



ड्राईपोर्ट



गुम्बा



धारापानी

**प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीको लागि दौड अवधिभरको लागि रु.५ लाख बराबरको नि:शुल्क दुर्घटना बीमाको व्यवस्था गरिएको छ ।**





